चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठकमिति :२०८३/०२/२२
बैठक संख्या : बाह्रौं (२०८२/०८३)

आजमिति २०८३ साल जेठ २२ गते शुक्रबारका दिन चन्द्रकोट गाउँपालिकाका अध्यक्ष श्री युवराज खत्री क्षत्रीज्यूको अध्यक्षतामा गाउँकार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक वसी तपसिल बमोजिमका प्रस्ताबहरुमा छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरीयो।

उपस्थिति

| सि.नं. | पदाधिकारीकोनामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री युवराज खत्री क्षत्री | अध्यक्ष | |
| २. | श्री विष्णु प्रसाद भण्डारी | उपाध्यक्ष | |
| ३. | श्री घनश्याम खरेल | १ नं. वडा,वडा अध्यक्ष/ प्रवक्ता | |
| ४. | श्री कमल के.सी. | २ नं. वडा,वडा अध्यक्ष | — |
| ५. | श्री डिल्लीराज सुवेदी | ३ नं. वडा,वडा अध्यक्ष | |
| ६. | श्री बल बहादुर बस्नेत | ४ नं. वडा,वडा अध्यक्ष | |
| ७. | श्री पृथ बहादुर कार्की | ५ नं. वडा,वडा अध्यक्ष | |
| ८. | श्री अमरसिंह दगामी | ६ नं. वडा,वडा अध्यक्ष | — |
| ९. | श्री अनन्तराम भण्डारी | ७ नं. वडा,वडा अध्यक्ष | |
| १०. | श्री फणिन्द्र राज अर्याल | ८ नं. वडा,वडा अध्यक्ष | |
| ११. | श्री डिलमाया बुढाथोकी | कार्यपालिका सदस्य | |
| १२. | श्री बिष्णुकला थापा | कार्यपालिका सदस्य | |
| १३. | श्री लक्ष्मिमा अर्याल | कार्यपालिका सदस्य | |
| १४. | श्री विष्णुमाया सापकोटा | कार्यपालिका सदस्य | |
| १५. | श्री धन बहादुर वि.क. | कार्यपालिका सदस्य | — |
| १६. | श्री सूर्य कुमार बस्याल | कार्यपालिका सदस्य | — |
| १७. | श्री लक्ष्मणप्रसाद चालिसे | सचिव/ प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित | |
| १८. | श्री शिवप्रसाद ज्ञवाली | प्रशासकीय अधिकृत | |
| १९. | श्री वसन्त रिजाल | लेखा अधिकृत | |
| २० | श्री प्रकाश पन्थी | प्रशासकीय अधिकृत | |
| २१. | श्री पवन पोखरेल | एम आई एस अपरेटर | |

चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठकमिति :२०८३/०२/२२
बैठक संख्या : बाह्रौं (२०८२/०८३)

चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शान्तिपुर, गुल्मी लुम्बिनी प्रदेश, नेपाल

**प्रस्तावहरु**

१. समिक्षा सम्बन्धमा।
२. सडकबोर्ड नेपालसँगको साझेदारीमा संचालन हुने योजना छनौट सम्बन्धमा।
३. पालिकाद्धारा संचालित सम्पन्न योजनाहरुको बैङ्क खाता खोल्ने प्रयोजनार्थ म्यादथप सम्बन्धमा।
४. शिक्षा समितिको सिफारिस सम्बन्धमा।
५. विद्याबारिधी (Ph.D.) अध्ययन छात्रवृत्ति प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०८३ सम्बन्धमा।
६. प्रधानाध्यापक प्रोत्साहन भत्ता सम्बन्धमा।
७. तुराङ्ग बहुप्राविधिक शिक्षालयमा प्राविधिक शिक्षा अध्ययन गर्ने स्थानीय विद्यार्थीलाई प्रदान गर्ने छात्रबृत्ति सम्बन्धमा।
८. योजनाको म्यादथप सम्बन्धमा।
९. आगामी आर्थिक बर्षका लागि नीति तथा कार्यक्रम सम्बन्धमा।
१०. विविध।
   क. सेनेटरी प्याडको रकम भुक्तानी सम्बन्धमा।
   ख. वडा नं. ३ र ४ को जग्गा प्राप्ती सम्बन्धमा।
   ग. योजनाको भेरिएसन अर्डर सम्बन्धमा।
   घ. योजना कार्यान्वयन सम्बन्धमा।
   ङ. कार्यविधि तयार गर्ने सम्बन्धमा।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा यस गाउँ कार्यपालिकाको एघारौं बैठक देखि हाल सम्म भएका सम्पूर्ण क्रियाकलापहरुको सम्बन्धमा समिक्षा गरीयो।

२. प्रस्ताव नं २. उपर छलफल गर्दा चालु आव २०८२/०८३ मा स्थानीय सडक मर्मत संभार कार्यको लागि सडक बोर्ड नेपालबाट विनियोजित बजेट १० लाख ८० हजार र चन्द्रकोट गाउँपालिकाले सडक बोर्ड नियमावली, २०६० को परिच्छेद ३ नियम ९ बमोजिम व्यहोर्नु पर्ने समपुरक कोष समेत समावेश गरी तपशिल बमोजिमका कार्यक्रम स्वीकृत गरी सडक बोर्ड नेपालमा पठाउने ।

तपशिल:

- त्रिवेणी ग्वाघा हरेवा चिसापानी शान्तिपुर रोहटेखोला सडक
- सोता-राव-छाप सडक (खण्ड प्रथम शान्तिपुर जाने बाटोसम्म)
- चोरकाटे शान्तिपुर सडक

लक्ष्मणप्रसाद चालिसे
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठकमिति :२०८३/०२/२२
बैठक संख्या : बाह्रौं (२०८२/०८३)

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस चन्द्रकोट गाउँपालिका गुल्मीद्वारा चालु आर्थिक बर्षमा योजना कार्यान्वयनका लागि विभिन्न उपभोक्ता समितिहरुसँग संझौता भएका योजनाहरुको सम्पन्न अवधि समाप्त भैसकेको तर संझौता अवधिभर प्राविधिक कारणले गर्दा बैङ्क खाता नखोलिएका तपशिल बमोजिमका उपभोक्ता समितिहरुको बैङ्कखाता खोल्ने प्रयोजनार्थ अन्तिम पटकका लागि २०८३/०३/१० गतेसम्म म्याद थप गर्ने।

तपशिलः-

| क्र.सं | वडा नं | योजनाको नाम | उपभोक्ता समितिको नाम | विनियोजित रकम | सम्झौता भएको मिति | सम्पन्न हुने मिति |
|---|---|---|---|---|---|---|
| १ | ७ | थाम नालि निर्माण तथा भल व्यवस्थापन योजना | थाम नालि निर्माण तथा भल व्यवस्थापन योजना उ.स | १००००० | १२/३०/२०८२ | १/३०/२०८३ |
| २ | ७ | दमुका सोता सिँचाई योजना | दमुका फाँट सिँचाई आयोजना जल उ.स | २००००० | ६/९/२०८२ | १२/३०/२०८२ |
| ३ | ७ | मन्दिर देखि कालिखोला सम्म नालि तथा लुईचे सिँचाई योजना | मन्दिर देखि कालिखोलासम्म नालि तथा लुईचे सिँचाई योजना उ.स | २५०००० | १२/१/२०८२ | १/२९/२०८३ |
| ४ | ७ | कमेरेपानी सितलगैरा तथा खसिमारे खानेपानी मर्मत योजना | कमेरेपानी सितलगैरा तथा खसिमारे खानेपानी मर्मत योजना उ.स | १०५००० | १२/१७/२०८२ | १/१५/२०८३ |
| ५ | ७ | दमुका सडक बत्ती योजना | दमुका सडक बत्ती योजना उ.स | २००००० | ९/१/२०८२ | ११/३०/२०८२ |
| ६ | ७ | बन्दिप आँपचौर सिँचाई योजना | बन्दिप आँपचौर सिँचाई योजना उ.स | २००००० | ९/१६/२०८२ | १२/१५/२०८२ |

चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शान्तिपुर गुल्मी लुम्बिनी प्रदेश नेपाल

लक्ष्मणप्रसाद चालिसे
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठकमिति :२०८३/०२/२२
बैठक संख्या : बाहौं (२०८२/०८३)

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | ७ | गहदे गाउँघर क्लिनीक व्यवस्थापन योजना | गहदे गाउँघर क्लिनीक व्यवस्थापन उ.स | ५०००० | १२/२३/२०८२ | १/२९/२०८३ |
| ८ | ७ | गौमुखीधारा नयाँ बस्ती गेडिकारुख मोटरबाटो मर्मत योजना | गौमुखीधारा नयाँ बस्ती गेडिकारुख मोटरबाटो मर्मत योजना उ.स | १५०००० | १२/१७/२०८२ | १/२५/२०८३ |
| ९ | ७ | सोता सिँचाई डुड मर्मत योजना | सोता सिँचाई डुड मर्मत योजना उ.स | १३०००० | १२/१६/२०८२ | २/१५/२०८३ |
| १० | ७ | दमुका आमा समुह भवनदेखी गहदेखोला सम्म बाटो बिस्तार योजना | दमुका आमा समुह भवनदेखी गहदेखोला सम्म बाटो बिस्तार योजना उ.स | २५०००० | ९/१/२०८२ | ११/३०/२०८२ |
| ११ | ८ | दमार सिँचाई पोखरी मर्मत योजना | दमार सिँचाई पोखरी मर्मत योजना | १००००० | ९/२८/२०८२ | ११/२९/२०८२ |
| १२ | ८ | पुल्कामुख बजार ईन्टरलक ब्लक निर्माण योजना | पुल्कामुख बजार ईन्टरलक ब्लक निर्माण | २००००० | १०/२६/२०८२ | १/२९/२०८३ |
| १३ | ८ | आदर्श वालविकास घेरावार | आदर्श वालविकास घेरावार योजना उ.स | ५०००० | १२/२५/२०८२ | १/२९/२०८३ |
| १४ | ८ | सल्यार पैदलमार्ग निर्माण | सल्यार पैदलमार्ग निर्माण | ५०००० | १२/२५/२०८२ | १/२९/२०८३ |

चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शान्तिपुर गुल्मी लुम्बिनी प्रदेश नेपाल

लक्ष्मणप्रसाद चालिसे
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | योजना | योजना उ.स | | | |
| १५ | ८ | खाल्टेपानी सडक ग्याविन निर्माण योजना | खाल्टेपानी सडक ग्याविन निर्माण | १५००००0 | १२/१/२०८२ | २/१५/२०८३ |

४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस चन्द्रकोट गाउँपालिका गुल्मीमा रहेको गाउँ शिक्षा समितिको मिति २०८३ जेठ १३ गते बसेको बैठकको सिफारिस अनुसार विद्यालयहरूमा भर्चुअल शिक्षण, इलर्निङ, पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन गर्ने सम्बन्धमा यस गाउँपालिका अन्तर्गत सञ्चालित श्री शारदा माध्यमिक विद्यालय, सराङ्गलाई आर्थिक वर्ष २०८२/८३ मा उक्त कार्यक्रमका लागि छनौट सिफारिस अनुमोदन गर्ने।

५. प्रस्ताव नं. ५ उपर छलफल गर्दा गाउँपालिकाको समग्र शैक्षिक क्षेत्रको खोज, अनुसन्धान तथा सुधारका लागि पालिकाभित्रका पि.एच.डि. (Ph.D.) गर्ने शोधकर्ताहरूलाई प्रोत्साहन गर्ने कार्यका लागि चालु आर्थिक बर्षमा रकम विनियोजन भएको र सो को कार्यान्वयनका लागि आवश्यक पर्ने विद्यावारिधी (Ph.D.) अध्ययन छात्रवृत्ति प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०८३ पारित गर्ने।

६. प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस गाउँपालिकाको चालु आर्थिक बर्षमा शिक्षातर्फ बिनियोजित प्रधानाध्यापक प्रोत्साहन भत्ता कार्यक्रम रु ३ लाख २५ हजारबाट प्रत्येक माध्यमिक विद्यालयमा कार्यरत प्रधानाध्यापकहरुका लागि मासिक रु १ हजार र आधारभूत तह (१-८) मा कार्यरत प्रधानाध्यापक हरुका लागि मासिक रु ८०० र आधारभूत तह (१-५) मा कार्यरत प्रधानाध्यापक हरुका लागि मासिक रु ५०० प्रोत्साहन भत्ता प्रदान गर्ने।

७. प्रस्ताव नं. ७ उपर गर्दा यस चन्द्रकोट गाउँपालिकाको आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम अनुसार चन्द्रकोट गाउँपालिका, गुल्मीबाट ८ जना बिधार्थीहरुलाई तुराङ बहुप्राविधिक शिक्षालय चन्द्रकोट-८ तुराङ, गुल्मीमा कृषितर्फका ३ वर्षे डिप्लोमा तह (बाली विज्ञान तथा पशु विज्ञान) कार्यक्रममा अध्ययनका लागि निःशुल्क प्राविधिक शिक्षा छात्रवृत्तिको लागि शिक्षा चालुतर्फ प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम शीर्षकमा बजेट विनियोजन गरिएकोमा आर्थिक वर्ष २०८२/०८३ मा प्रथम वर्षमा जम्मा ६ जना प्रशिक्षार्थी अध्ययन गरिरहेकोमा विद्यार्थीको हकमा शिक्षालयको नियमअनुसार प्रति विद्यार्थी १६०००/- का दरले तथा शैक्षिक सत्र २०८०/०८१ मा भर्ना भएका दोस्रो वर्षका ६ जना प्रशिक्षार्थीहरुको प्रति विद्यार्थी १२०००/- का दरले हुन आउने छात्रृत्ति रकम शिक्षालयमार्फत विद्यार्थीलाई उपलब्ध गराउने।

८. प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस चन्द्रकोट गाउँपालिकामा संचालन भएको संघीय शशर्त तर्फको पेस्करपाटा वडा नं. ५ ग्वाधा एकीकृत सडक पूर्वाधार विकास कार्यक्रम चन्द्रकोट गाउँपालिका -५ गुल्मीका लागि विनियोजित रु २५ लाखको कार्यान्वयनका सन्दर्भमा भैरवकाली

चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठकमिति :२०८३/०२/२२
बैठक संख्या : बाह्रौं (२०८२/०८३)

कन्ट्रक्सन एण्ड सप्लायर्स विशुखर्क गुल्मी सँग भएको संझौताको हाल अवधि सकिएको तर कार्य सम्पन्न नभएको अवस्थामा सम्वन्धित निर्माण व्यवसायीको म्यादथपको निवेदन र बैङ्क ग्यारेन्टीका आधारमा २०८३ असार १५ गतेसम्मका लागि म्यादथप गर्ने। साथै अन्य योजनाहरुको हकमा सम्बन्धित निर्माण व्यवसायीबाट म्यादथपका लागि निवेदन सहित आवश्यक बैङ्क ग्यारेन्टी प्राप्त भएमा सोही मिति सम्म म्यादथप गर्ने।

९. माथिको प्रस्ताव नं. ९ उपर छलफल गर्दा चन्द्रकोट गाउँपालिका गुल्मीको आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि नीति तथा कार्यक्रम तयार गर्ने सम्वन्धमा सरोकारवाला सबैपक्षबाट सुझाव संकलन गरी २०८३ जेष्ठ मसान्तभित्र सबै विषयगत समिति मार्फत तयार गर्नेगरी आवश्यक कार्य अगाडि बढाउने।

१०. माथिको प्रस्ताव नं. १० विविध उपर छलफल गर्दा देहाय वमोजिम गर्ने।

क) आ.व. २०८१/०८२ मा यस कार्यालयद्वारा ई-विडिङ प्रक्रियामार्फत सामुदायिक विद्यालयका छात्राहरुका लागि निःशुल्क वितरण गर्ने प्रयोजनका लागि सेनेटरी प्याड A.G. Health Industries Prv.Ltd. बाट खरिद गरिएकोमा खरिद गरिएका सेनेटरी प्याडको गुणस्तर परीक्षण भएपश्चात मात्र निकासा गर्ने निर्णय भएअनुसार परीक्षणका लागि मिति २०८२/०३/२६ गते गुणस्तर तथा नापतौल विभाग, काठमाण्डौमा पठाइएकोमा परीक्षणको नमुना प्रतिवेदन २०८२/०३/३२ च.नं. न.व्य.ई./२२०७ को पत्रबाट प्राप्त भएको, सो पश्चात मात्र विद्यालयलाई सेनेटरी प्याड वितरण गरिएको, परीक्षण नमुनाको प्रतिवेदन प्राप्त हुँदाका मितिमा आ.व. २०८१/०८२ को हिसाव खाता बन्द भएको सन्दर्भमा आ.व. २०८२/०८३ मा विद्यालयहरुमा मौजुदा सेनेटरी प्याड आवश्यक नपर्ने भनी प्रअ बैठकबाट समेत निर्णय समेत भएको, सोको शोधभर्नाका रुपमा आ.व. २०८२/०८३ मा विनियोजित शीर्षकबाट सेनेटरी प्याड खरिद नगरी अघिल्लो आ.व.मा खरिद गरिएको A.G. Health Industries Prv.Ltd. लाई शिक्षा युवा तथा खेलकुद शाखाबाट आवश्यक टिप्पणी तयार गरी सो को स्वीकृतिमा कार्यालयले विल वमोजिमको रकम भुक्तानी गर्ने।

ख) यस चन्द्रकोट गाउँपालिका अन्तर्गतका वडा नं. ३ हर्राचौर र वडा नं. ४ शान्तिपुरका लागि नयाँ वडा भवन निर्माण गर्ने प्रयोजनार्थ सम्वन्धित वडा समितिहरुको निर्णयानुसार सार्वजनिक सुचना प्रकाशन गरी निशुल्क जग्गा प्राप्तीका लागि आह्वान गरिएकोमा तोकिएको मितिभित्र प्राप्त निवेदन संकलन गरी जग्गा प्राप्तीको लागि थप प्रकृया अगाडि बढाईदिन भनि वडा समितिहरुको निर्णय संलग्न राखि वडा कार्यालयहरुबाट आवश्यक सिफारिस प्राप्त भएको सन्दर्भमा उल्लेखित वडा कार्यालयहरुको नयाँ भवन निर्माणका लागि सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्वन्धी (पहिलो संशोधन) कार्यनीति २०८२ अनुसार वडा कार्यालयको नाममा जग्गा प्राप्तिका सन्दर्भमा उपयुक्तताको आवश्यक जाँचबुझका लागि सोही कार्यनीतिको दफा ५ मा रहेको समितिका संयोजक श्रीमान् प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय समक्ष अनुरोध पत्र पठाउने।

ग) यस चन्द्रकोट गाउँपालिका गुल्मीको चालु आर्थिक बर्षको लागि संघीय समपुरक योजना अन्तर्गत संचालित दिब्रुङ्ग दह पर्यटन विकास कार्यक्रम कार्यान्वयनका सन्दर्भमा उक्त योजनाको ठेक्का संझौता भई योजना संचालन भैरहेको र उक्त योजनाको लागत रकममा कुनै फरक नपर्नेगरी तत्काल आवश्यक पर्ने क्वान्टिटीका लागि प्राविधिकको राय अनुसार भेरियसन अडर स्वीकृत गर्ने।

घ) यस चन्द्रकोट गाउँपालिका वडा नं. ५ गुल्मीको गुल्मीको ग्वाघा स्वास्थ्य चौकीको स्तरोन्नति योजना कार्यान्वयनका सन्दर्भमा आवश्यक प्रकृया पुरा गरी योजना कार्यान्वयन गर्ने।

ङ) यस गाउँपालिकाको लागि आवश्यक "पढ्दै कमाउँदै कार्यविधि २०८३" तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने।

*उल्लेखित निर्णयहरुसँगै अध्यक्षज्यूबाट गाउँ कार्यपालिकाको बाह्रौं बैठकमा उपस्थित सम्पूर्ण कार्यपालिका सदस्यहरु तथा कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दै बैठक सम्पन्न भयो।*

२०८३/२/२२

लक्ष्मणप्रसाद चालिसे
प्रमुख प्रशासकीय अधिकृत